स्थानीय राजपत्र

केराबारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७, संख्या १३, असोज ३०, २०८०

## भाग-२

# केराबारी गाउँपालिकाको आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९ को प्रथम संशोधन कार्यविधि २०८०

स्वीकृत मिति २०८०।०६।३०

प्रमाणिकरण मितिः२०८०।०७।०३

**प्रस्तावनाः** केराबारी गाउँपालिकाको आर्थिक सहायता कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९_ लाई समायानुकुल संशोधन गर्न वाञ्छनीय भएकाले,

केराबारी गाउँपालिका गाउँकार्यपालिकाको वैठकले स्वीकृत गरी यो कार्यविधि लागु गरेको छ ।

**१.** **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** :- (१) यो कार्यविधिको नाम **"केराबारी गाउँपालिकाको आर्थिक सहायता कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९ (प्रथम संशोधन) कार्यविधि, २०८०, "** रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

(३) परिभाषाः कार्यविधि भन्नाले **"केराबारी गाउँपालिकाको आर्थिक सहायता कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९"** **सम्झनुपर्छ ।**

**२. मुल कार्यविधिको दफा १० मा उपदफा ५ थपः**-"यस कार्यविधिको अन्यत्र जेसुकै उल्लेख भएतापनि गरिव, विपन्न आर्थिक एंव सामाजिक रुपमा वञ्चितिकरणमा परेका व्यक्ति एंव अन्य संघ, संस्थाहरुका आर्थिक सहायता (विपन्न नागरिकको एम्वुलेन्स भाडासमेत) माग सम्वन्धि निवेदनमा अध्यक्षले यस्तो सहायता दिन मनासिव ठानेमा रु १५,०००।० (पन्द्र हजार) सम्मको आर्थिक सहायता सम्वन्धित वडा कार्यालयको सिफारिसमा भुक्तानीका लागि आदेश दिनसक्नेछ" भन्ने वाक्यांश थप गरिएको छ ।

आज्ञाले,
सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत